# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, असोज ३ गते, २०७३ साल (संख्या २९

## भाग ५

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी छत्रपाटी नि:शुल्क चिकित्सालय, काठमाडौंका लागि Gesellschaft fur medizinisch-technische Zusammenarbelt e.V., Germany ले सहयोग स्वरुप प्रदान गर्ने युरो २२,६९०.०० (बाईस हजार छ सय नब्बे) मूल्य बराबरका स्वास्थ्य सामग्री तथा उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०८।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल कृषि सहकारी संघ लि., कुपण्डोलका लागि Nongwoo Bio Co. Ltd., South Korea बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ५८३.०० (पाँच सय त्रियासी) मूल्य बराबरका बिउ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

बीजनको आयातमा सम्पूर्ण कर, महसुल तथा भन्सार छुट दिने निर्णय मिति २०७२।०८।०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Health Care Foundation- Nepal, काठमाडौंद्वारा सञ्चालित कार्यक्रमका लागि a-dec Inc, U.S.A. बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ७६,९२७.१३ (छैहत्तर हजार नौ सय सत्ताईस सेन्ट तेह्र) मूल्य बराबरका स्वास्थ्य सामग्री तथा उपकरणमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०८।०४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी भारतीय परामर्श दातृ संस्था WAPCOS Limited लाई पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको प्रतिवेदन (DPR) तयार गर्ने कार्यमा HR26CH9710 टाटा सफरी गाडी सुदूरपश्चिमाञ्चल विकास क्षेत्र भित्र पर्ने बैतडी, दार्चुला, डडेल्धुरा, डोटी, कैलाली र कञ्चनपुर जिल्लाहरुमा ३१ मार्च २०१६ सम्मको लागि प्रयोग गर्ने गरी म्याद थप गर्ने निर्णय मिति २०७२।०८।०७ मा गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र Rural Community Development Service Council (RCDSC), महोत्तरी बीच सम्पन्न MOU बमोजिम स्वास्थ्य सेवा विभागका लागि Medshare International, U.S.A. बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ३२,५३८.९५ (बत्तीस हजार पाँच सय अठतीस सेन्ट पचान्नब्बे) मूल्य बराबरका Medical Supplies को आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०८।११ मा गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

329

## सूचना ६

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी खानी तथा भू-गर्भ विभागमा सञ्चालित Exploring and Evaluation of Uranium and Thorium Deposit in Nepal कार्यक्रमका लागि अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी (IAEA) ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ३३,५१५.०० (तेत्तीस हजार पाँच सय पन्ध्र) मूल्य बराबरका BWG-01 Downhole Probe थान १, Portable Borehole Logger 300-IE With 400 Metre Cable थान १ को आयातमा सम्पूर्ण भन्सार महसुल एवम् कर छुट दिने निर्णय मिति २०७२।०८।१५ मा गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी हिमालयन उद्धार संघ, काठमाडौंका लागि Weather Port Shelter Systems LLC, U.S.A ले सहुलियतमा उपलब्ध गराउने अमेरिकी डलर १७,६१६.८० (सत्र हजार छ सय सोह्र सेन्ट असी) मूल्य बराबरका मेडिकल टेन्ट थान एकको आयातमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०८।१५ मा गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल फेन्सिङ्ग संघ, काठमाडौंका लागि अन्तर्राष्ट्रिय फेन्सिङ्ग महासंघ, स्वीट्जरलैण्डबाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर १३,७०७.१० (तेह्र हजार सात सय सात सेन्ट दश) मूल्य बराबरका खेल सामग्रीहरुमा १ प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०८।१८ मा गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मुलुकमा विभिन्न भागमा कायम असहज



330

परिस्थितिका कारण व्यापार सहजीकरण गर्नका लागि देहाय बमोजिम हुने निर्णय मिति २०७२।०८।२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(१) कुनै एक भन्सार कार्यालयमा एकमुष्ठ महसुल बुझाइ सकेको मध्ये सो भन्सार कार्यालयबाट पूरै वा आंशिक रुपमा मालवस्तु पैठारी हुन नसकेको र तत्काल सो कार्यालयबाट पैठारी हुन नसक्ने अवस्था विद्यमान भएमा पैठारीकर्ताले चाहेमा अन्य सहज भन्सार कार्यालयबाट रुट परिवर्तन लगायतका आवश्यक प्रक्रिया पूरा गरी त्यस्तो मालवस्तु पैठारी गर्न सक्ने,

(२) प्रकरण (१) बमोजिम रुट परिवर्तन गरी पैठारी हुने मालवस्तुको महसुल अग्रिम रुपमा बुझाई सकेको अवस्थामा सोही महसुलबाट नै मिलान गरी पैठारी गर्न दिने ।

## सूचना १०

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल लेप्रोसी ट्रष्ट, ललितपुरद्वारा सञ्चालित लालगढ कुष्ठरोग अस्पतालका लागि Map International, U.S.A. बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १७,०००.०० (सत्र हजार) मूल्य बराबरका औषधिको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०८।२२ मा गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ११

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्प प्रभावित जिल्लाका महिला तथा बालबालिकाहरुको प्रयोजनार्थ स्वास्थ्य सेवा विभाग, काठमाडौंका लागि MAP INTERNATIONAL, U.S.A. ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर ६१,९९९.९८ (एकसट्ठी हजार नौ सय उनान्सय सेन्ट अन्ठानब्बे) मूल्य बराबरका औषधी एवं औषधीजन्य सामग्रीमा एक प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल एवम् सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०८।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



60 0331

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## सूचना १२

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मुलुकका विभिन्न भागमा कायम असहज परिस्थितिका कारण कर विवरण तथा कर भुक्तानी सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय मिति २०७२।०८।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(१) आयकरतर्फ आय वर्ष २०७१।७२ को आय विवरण तथा कर बुझाउने म्याद संवत् २०७२ पौष मसान्तसम्म थप गर्ने,

(२) मूल्य अभिवृद्धि करतर्फ संवत् २०७२ सालको श्रावण, भाद्र, आश्विन र कार्तिक महिनाको मूल्य अभिवृद्धि कर विवरण र कर बुझाउने म्याद संवत् २०७२ साल पौष २५ गतेसम्म थप गर्ने,

(३) अन्तःशुल्कतर्फ संवत् २०७२ सालको श्रावण, भाद्र, आश्विन र कार्तिक महिनाको अन्तःशुल्क विवरण तथा कर बुझाउने म्याद संवत् २०७२ साल पौष २५ गतेसम्म थप गर्ने,

(४) शिक्षा सेवा शुल्कतर्फ आय वर्ष २०७१।७२ को तेश्रो चौमासिक तथा आय वर्ष २०७२।७३ को पहिलो चौमासिकको विवरण तथा कर बुझाउने म्याद संवत् २०७२ साल पौष २५ गतेसम्म थप गर्ने,

(५) स्वास्थ्य सेवा शुल्कतर्फ आय वर्ष २०७१।७२ को तेश्रो चौमासिक तथा आय वर्ष २०७२।७३ को पहिलो चौमासिकको विवरण तथा कर बुझाउने म्याद संवत् २०७२ साल पौष २५ गतेसम्म थप गर्ने,

(६) संवत् २०७२ सालको श्रावण, भाद्र, आश्विन र कार्तिक महिनाको अग्रिम कर कट्टी विवरण र कर बुझाउने म्याद संवत् २०७२ साल पौष २५ गतेसम्म थप गर्ने,

(७) कर छुट प्राप्त संस्थाले बुझाउनु पर्ने आयवर्ष २०७१।७२ को वित्तीय विवरण तथा लाग्ने कर बुझाउनु पर्ने म्याद २०७२ साल पौष २५ गतेसम्म थप गर्ने ।

## सूचना १३

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल आँखा अस्पताल, त्रिपुरेश्वरका लागि SJAM

Academy of Pre-hospital Care Sdn. Bhd., Malaysia बाट सहयोग स्वरुप प्रदान गरिने ने.रु. ९,५८,०००.०० (नौ लाख अन्ठाउन्न हजार) मूल्य बराबरका स्वास्थ्य सामग्री तथा उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवम् सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०८।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १४

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभागका लागि Direct Relief, U.S.A. बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर ३४,९१८.१३ ( चौंतीस हजार नौ सय अठार, सेन्ट तेह्र) मूल्य बराबरका विविध औषधीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल एवम् अन्य सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७२।०८।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १५

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी International Nepal Fellowship, ललितपुरद्वारा सञ्चालित कार्यक्रमका लागि Motivation Charitable Trust, U.K. बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १,०८,५१४.९५ (एक लाख आठ हजार पाँच सय चौध, सेन्ट पन्चान्नब्बे) मूल्य बराबरका Wheelchair र सो को Spare Parts को आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महशुल तथा अन्य करहरु छुट दिने निर्णय मिति २०७२।०८।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना १६

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केंन्द्र अन्तर्गत PMTCT कार्यक्रमका लागि Direct Relief International, U.S.A. बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १८,९६०.०० (अठार हजार नौं सय साठी) मूल्य बराबरका HIV Test Kit तथा Chase Buffer को आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०९।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

333

## सूचना १७

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, काठमाडौंका लागि चीन सरकारवाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर २४,३३,१२८.५१ (चौबीस लाख तेत्तीस हजार एक सय अठ्ठाईस, सेन्ट एक्काउन्न) मूल्य बराबरका स्वास्थ्य सामग्रीको आयातमा सम्पूर्ण कर, महसुल तथा शुल्क छुट दिने निर्णय मिति २०७२।०९।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १८

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नापी विभागका लागि Japan Aerospace Exploration Agency (JAXA) बाट सहयोग स्वरुप प्रदान गरिने जापानी येन ४,१०,४००.०० (चार लाख दश हजार चार सय) मूल्य बराबरको GNSS Receiver Pl967 उपकरणको आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर लगायत अन्य कर तथा महसुल छुट दिने निर्णय मिति २०७२।०९।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १९

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्जका लागि Karl Storz, Germany बाट सहयोग स्वरुप प्रदान गरिने युरो ३,८१४.०० (तीन हजार आठ सय चौध) मूल्य बराबरका स्वास्थ्य उपकरणहरुको आयातमा भन्सार महसुल तथा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०९।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २०

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभागका लागि निःशुल्क Immunization program अन्तर्गत UNICEF बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर २,३८,४१५.८२ (दुई लाख अठतीस हजार चार सय पन्ध्र, सेन्ट बयासी) मूल्य बराबरका Syringe with needle तथा Safety Boxes को आयातमा सम्पूर्ण भन्सार महसुल एवम् कर,



334

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

महसुल छुट दिने निर्णय मिति २०७२।०९।०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २१

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्रसंघको तत्वावधानमा शान्ति स्थापनार्थ MINUSMA तथा MINUSCA मिशनमा तैनाथ रहने जाने नेपाली सेनाका फौजहरुको प्रयोजनका लागि United Nations Logistics Base, Brindisi, Italy बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर २,४७२.४१ (दुई हजार चार सय बहत्तर, सेन्ट एकचालीस) मूल्य बराबरका Beret Cap समेतका पोशाकजन्य सामग्रीमा सम्पूर्ण भन्सार महसुल एवम् कर, महसुल छुट दिने निर्णय मिति २०७२।०९।०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २२

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मुलुकका विभिन्न क्षेत्रमा विगत लामो समयदेखि कायम असहज परिस्थितिका कारण मिति २०७२।५।१ देखि विरगञ्ज भन्सार कार्यालयको भन्सार क्षेत्रमा प्रवेश भएका मालसामानहरुमा सो भन्सार नाका सहजीकरण भएको ७ दिन सम्मको लागि भन्सार ऐन, २०६४ को दफा ७२ र भन्सार नियमावली, २०६४ को नियम ५० बमोजिमको विलम्ब शुल्क मिनाहा दिने निर्णय मिति २०७२।०९।०५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २३

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्प प्रभावितहरुको उपचारको प्रयोजनार्थ त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, महाराजगञ्ज तथा पाटन अस्पताल, लगनखेलका लागि SHIMADZU (ASIA PACIFIC) PTE. LTD., Singapore ले सहयोग स्वरुप उपलब्ध गराउने अमेरिकी डलर १,२७,०००.०० (एक लाख सत्ताईस हजार) मूल्य बराबरका Digital Xray मेसिन थान एक तथा अमेरिकी डलर ३५,०००.०० (पैंतीस हजार) मूल्य बराबरका Mobile Xray मेसिन थान एकको आयातमा सम्पूर्ण कर, महसुल छुट दिने निर्णय मिति २०७२।०९।०७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



00 335

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## सूचना २४

नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी व्यापार सहजीकरण तथा व्यवस्थापनको लागि विराटनगर भन्सार कार्यालयको हालको भन्सार क्षेत्रलाई विस्तार गरी विराटनगर जुट मिल्सको देहाय बमोजिम चार किल्ला भित्रको क्षेत्रलाई विराटनगर भन्सार कार्यालयको भन्सार क्षेत्र कायम गर्ने निर्णय मिति २०७२।९।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

चार किल्ला :-

१. पूर्व : पूर्व उत्तरतर्फ निजी (विवादित) जग्गा तथा पूर्व दक्षिणतर्फ विराटनगर जुट मिल्सको जग्गा
२. उत्तर : गणपति कटन मिल्सको जग्गा
३. दक्षिण : भारतको सीमा जोडिएको बाटो
४. पश्चिम : दरैया बस्ती

## सूचना २५

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल फेन्सिङ संघलाई कोरिया फेन्सिङ महासंघबाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ६७५ (छ सय पचहत्तर डलर) मूल्य बराबरको खेलकुद सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिबृद्धि कर लगायत अन्य शुल्क तथा कर छुट दिने निर्णय मिति २०७२।१०।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २६

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाका भूकम्प पीडितहरुको लागि SamaritanÚs Purse नामक संस्थाले अमेरिकाबाट पैठारी गर्ने अमेरिकी डलर ६,६९,१०३.७५ (छ लाख उनान्सत्तरी हजार एक सय तीन डलर र पचहत्तर सेन्ट) मूल्य बराबरका जाडोयामका बन्दोबस्तीका सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र कर छुट दिने निर्णय मिति २०७२।१०।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २७

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी व्यवस्थापिका(संसद सचिवालयको लागि चीन



336

सरकारबाट अनुदान स्वरुप प्राप्त हुने अमेरिकी डलर १,६५,२४०.०० (एक लाख पैंसट्ठी हजार दुई सय चालीस डलर) मूल्य बराबरका नौ थान किया (KIA) ब्राण्डका सवारी साधनहरुको पैठारीमा लाग्ने भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।०७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २८

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पोखरा विश्व विद्यालयको लागि दक्षिण कोरियाबाट सहयोग स्वरुप नि:शुल्क प्राप्त हुने अमेरिकी डलर ७८८.३० (सात सय अठासी डलर र तीस सेन्ट) मूल्य बराबरका सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २९

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्व विद्यालय, जल तथा मौसम विज्ञान केन्द्रीय विभागको लागि Institute of Tibetan Plateau Research, Chinese Academy of Sciences, Beijing बाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ६४,०००.०० (चौसट्ठीय हजार डलर) मूल्य बराबरका The Surface Flux Observation System दुई थान उपकरणहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३०

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Midwifery Society of Nepal, Kathmandu लाई Direct Relief, USA बाट उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर १५४२.४५ (एक हजार पाँच सय बयालीस डलर र पैंतालीस सेण्ट) मूल्य बराबरका प्रसुती सेवा सम्बन्धी Standard Midwife kit (30 set) सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार

महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।१८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३१

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पताललाई Nepali Med Luxembourg a.s.b.1 बाट उपहार स्वरुप प्राप्त हुने युरो ७,५७५.७५ (सात हजार पाँच सय पचहत्तर युरो र पचहत्तर सेण्ट) मूल्य बराबरको Broncho Fiberscope Machine एक थान, अमेरिकी डलर ७१,०००.०० (एकहत्तर हजार डलर) मूल्य बराबरको Automatic Sterilizer Machine एक थान, युरो ५,१००.०० (पाँच हजार एक सय युरो) मूल्य बराबरका स्वास्थ्य सम्बन्धी उपकरणहरु र Health Exchange Nepal (UK) उपहार स्वरुप प्राप्त हुने पाउण्ड स्टर्लिङ्ग ४,५००.०० (चार हजार पाँच सय पाउण्ड स्टर्लिङ्ग) मूल्य बराबरका Ventilators Machine दुई थान र Anaesthetic Machine एक थान स्वास्थ्य सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।१८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३२

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी भूकम्प प्रभावित जिल्लाहरुमा निशुल्क वितरण गर्न Population Services International लाई Hope Marketing Services (Private) Limited पाकिस्तानबाट उपहार स्वरुप प्राप्त अमेरिकी डलर ४६,३१९.३६ (छयालीस हजार तीन सय उन्नाइस डलर र छत्तीस सेण्ट) मूल्य बराबरका P&G Purifier of Water नामक औषधिजन्य सामानमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।१८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३३

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखालाई Direct Relief USA बाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ३६,६९६.३१ (छत्तीस हजार छ सय छयानब्बे डलर र एकतीस सेण्ट) मूल्य



338

बराबरका औषधिजन्य सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३४

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्य भित्रका भन्सार कार्यालयहरुमा चोरी पैठारीको अभियोगमा जफत भई दाखिला भएका पेट्रोल र पेट्रोलियम पदार्थहरु नेपाल आयल निगमका स्थानीय कार्यालयहरुलाई जे जस्तो अवस्थामा छ, सोही अवस्थामा भन्सार घोषणा मूल्य भन्दा कम नहुने गरी नियमानुसार लाग्ने सम्पूर्ण कर महसुल असुल गर्ने गरी वार्ताद्वारा मूल्य कायम गरी बिक्री गर्ने निर्णय मिति २०७२।०८।२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३५

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी सिन्धुपाल्चोक जिल्ला स्थित भालचन्द्र माध्यमिक विद्यालयलाई विपद् व्यवस्थापन पूर्व तयारी केन्द्र स्थापना गरी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न Nepal Hilfe Beilngries, Germany बाट सहयोग स्वरुप प्राप्त अमेरिकी डलर ८९,६०७.०० (उनान्नब्बे हजार छ सय सात डलर) मूल्य बराबरका स्टेशनरीका सामान एवम् युरो २४००.०० (दुई हजार चार सय युरो) मूल्य बराबरको टेण्ट मा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।०८।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३६

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी सुषमा कोइराला मेमोरियल प्लाष्टिक सर्जरी अस्पताललाई Interplast Germany e.V. बाट उपहार स्वरुप प्राप्त हुने युरो ८,९४९.०० (आठ हजार नौ सय उनन्चास युरो) मूल्य बराबरको स्वास्थ्य उपकरणहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।०९।०९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

0006339

सूचना ३७

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी भएक प्रणालीबाट दक्षिण कोरियामा काम गर्न जाने परीक्षार्थी कामदारहरुलाई लिने नयाँ परीक्षा पाठ्यक्रम अनुसारका किताबहरु नि:शुल्क वितरण गर्न वैदेशिक रोजगार विभाग अन्तरगतको इपिएस कोरिया शाखाको लागि HRD Korea बाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ७५०.०० (सात सय पचास डलर) मूल्य बराबरका पचहत्तर बाकस किताबहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति ०७२।०९।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३८

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी काहुँ देउराली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कास्कीको लागि Mahindra Bolero-DC 4WD पिकअप भ्यान थान-१ खरिदमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत भन्सार महसुल मात्र छुट दिई बाँकी भन्सार महसुल तथा अन्य कर महसुलहरु असुल गर्ने निर्णय मिति २०७२।०९।२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ३९

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री राजराजेश्वरी निर्मल अखडा, पशुपति वनकालीको नाममा श्री गुरु नानकदेव सेवा सोसाईटी इन्टरनेशनल क्यालिफोर्नियाबाट भुकम्प पीडितहरुलाई वितरण गर्न सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर १०,७४८.०० (दश हजार सात सय अठचालीस डलर) मूल्य बराबरका कपडाहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा अन्य करहरु छुट दिने निर्णय मिति २०७२।०९।२४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४०

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल भलिबल संघलाई अन्तर्राष्ट्रिय भलिबल महासंघ (FIVB) बाट सहयोग स्वरुप प्राप्त हुने युरो ३५८६.२२ (तीन हजार पाँच सय छयासी युरो र बाइस सेण्ट) मूल्य बराबरको फ्लोरम्याट पैठारीमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा मूल्य अभिवृद्धि कर लगायतका शुल्क तथा कर छुट दिने निर्णय मिति २०७२।०९।२९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४१

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी लमजुङ्ग जिल्ला सामुदायिक अस्पताल र चौरजहारी अस्पताल, रुकुमको लागि DHM e.V. Germany बाट उपहार स्वरुप प्राप्त हुने युरो २,५४२.४४ (दुई हजार पाँच सय बयालीस युरो र चवालीस सेण्ट) मूल्य बराबरको स्वास्थ्य उपकरणहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा अन्य कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४२

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल स्थित Korean EPS Center, ग्वार्को, ललितपुरको लागि EPS प्रणालीबाट कोरियन भाषा परीक्षाको उत्तर पुस्तिका परीक्षण गर्ने प्रयोजनको लागि दक्षिण कोरियाबाट पैठारी हुने अमेरिकी डलर १,५००.०० (एक हजार पाँच सय डलर) मूल्य बराबरको स्क्यानर मेशिन थान-१ मा भन्सार महसुल मात्र छुट दिने निर्णय मिति २०७२,१०।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४३

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाली सेना र अमेरिकी सेनाको संयुक्त तत्त्वावधानमा इस्वी संवत् २०१६ जनवरी २० देखि फेब्रुअरी २८ सम्म छाउनी व्यारेक तथा नगरकोटमा सञ्चाञ्लन गर्ने Military Decision Making Process, Rescue, Techniques and Peacekeeping Capabılities विषयक तालीमको प्रयोजनका लागि अमेरिकी सेनाले आफ्नो साथमा ल्याउने सामग्रीहरु मध्ये उक्त तालीममा खर्च भएर जाने एम्युनिशन सामग्रीमा लाग्ने भन्सार महसुल लगायत सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।०९।१४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

341



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## सूचना ४४

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं विश्वविद्यालयको लागि TWAS (The World Academy of Science for the advancement of science in developing countries) बाट उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर १४,९६०.०० (चौध हजार नौ सय साठी डलर) मूल्य बराबरको वैज्ञानिक अन्वेषणका सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४५

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी तिलगङ्गा आँखा केन्द्रलाई Himalayan Cataract Project, USA बाट उपहार स्वरुप प्राप्त हुने अमेरिकी डलर १,९८,७९०.०० (एक लाख अन्ठान्न ब्बे हजार सात सय नब्बे डलर) मूल्य बराबरका स्वास्थ्य उपकरणहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा अन्य कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४६

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्र ज्योति संघद्वारा सञ्चालित पूर्वाञ्चलल क्षेत्रीय आँखा उपचार कार्यक्रमका लागि CBM, Germany बाट उपहार स्वरुप प्राप्त हुने स्वीस फ्रेङ्कल २१,१४३.०० (एक्काइस हजार एक सय त्रिचालीस) र युरो १००,२५१.३४ (एक लाख दुई सय एकाउन्नए युरो र चौंतीस सेण्ट) मूल्य बराबरका स्वास्थ्य सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१०।२२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४७

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी भएक प्रणालीवाट दक्षिण कोरियामा काम गर्न जाने



342

नेपाली कामदारहरुका लागि दक्षिण कोरियाबाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ८०.०० (असी डलर) मूल्य बराबरका ३६ किलोग्राम Name Tag सामग्रीको पैठारीमा लाग्ने भन्सार महसुल छुट दिने निर्णय मिति २०७२।११।१८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ४८

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Friends of Parents of Children with Autism नामक गैर सरकारी संस्थाको लागि Help Nepal Network, UK बाट उपहार स्वरुप अटिजम भएका बालबालिकाहरुको Therapy प्रयोजनका लागि प्राप्त हुने स्टर्लिङ्ग पाउण्ड ४२८.०४ (चार सय अठ्ठाइस पाउण्ड र चार पेन्स) मूल्य बराबरका स्वास्थ्य सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा अन्य सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।११।१८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ४९

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी फूलबारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, इलामले संस्थाको प्रयोजनको लागि पैठारी गर्ने भारतीय रूपैयाँ ४,८६,२९४ (चार लाख छयासी हजार दुई सय चौरानब्बे भारतीय रूपैयाँ) मूल्यको महेन्द्रा बोलेरो पिकअप भ्यान (एक थान) मा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत भन्सार महसुल छुट दिने निर्णय मिति २०७२।११।२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

सूचना ५०

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी वयालपाटा अस्पताल, अछामको लागि Medshare USA बाट अनुदान स्वरुप प्राप्त हुने अमेरिकी डलर १०,१०२.२५ (दश हजार एक सय दुई डलर र पच्चीस सेण्ट) मूल्य बराबरका औषधीजन्य सामग्रीहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुछ दिने निर्णय मिति २०७२।११।२३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



SN-343

सूचना ५१

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी धुलिखेल अस्पताललाई Nepali Med Schweiz बाट युरो १२,३१२.८५ (बाह्र हजार तीन सय बाह्र युरो र पचासी सेण्ट) र University of Hospital of Regensburg बाट युरो ४,२००.०० (चार हजार दुई सय युरो) मूल्य बराबरको उपहार स्वरुप प्राप्त हुने स्वास्थ्य उपकरणहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१२।०३ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ५२

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय भूकम्प मापन केन्द्रलाई Department Analyse, Surveillance, Environment (DASE) फ्रान्सबाट उपहार स्वरुप प्राप्त हुने युरो २,५४,००४.०० (दुई लाख चवन्न हजार चार युरो) मूल्य बराबरका यन्त्र उपकरणहरुमा भन्सार महसुल एवम् सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१२।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ५३

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल, थापाथलीको लागि Latter Day Saint Charities बाट सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर १०,८४८.०० (दश हजार आठ सय अठ्चालीस डलर) मूल्य बराबरका स्वास्थ्य उपकरणहरुमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा अन्य सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१२।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ५४

नेपाल सरकारले आर्थिक ऐन, २०७२ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाली सेना र अमेरिकी सेनाको संयुक्त तत्त्वावधानमा छाउनी व्यारेक, जोमसोम तथा काईसाङ्मा इस्वी संवत् २०१६ मे १२ देखि जुन २७ सम्म सञ्चालन हुने Human Rights and

Law of War, Tactical Combat Casualty Care, High Altitude Medicine, Mission Planning विषयक तालीम कार्यक्रमका लागि अमेरिकी सेनाले साथमा ल्याउने सामग्रीहरु मध्ये उक्त तालीममा खर्च भएर जाने एम्युनिशन सामानहरुमा भन्सार महसुल एवम् अन्य सम्पूर्ण कर महसुल छुट दिने निर्णय मिति २०७२।१२।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
चिरञ्जीवी खनाल
सह–सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

00 345

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

मुद्रण विभाग, सिंदरबार